# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
## सामान्य सेवा विभागको बोलपत्र रद्द गरिएको सूचना

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय अन्तर्गत चमेनागृहको अगाडि सेड निर्माण गर्ने, सवारी फांट अन्तर्गत प्राविधिकहरु रहेको भवन पुन: निर्माण गर्ने, संस्थागत योजना विभाग रहेको भवन माथि ट्रष्ट बनाई कर्कट पाता राखी हल निर्माण गर्ने र बैंक परिसर भित्रको कालोपत्रे सडक मर्मत तथा मुख्य भवनको उत्तरतर्फ बाटो बनाई कालोपत्रे गर्ने कार्यको लागि पेश हुन आएका सात थान बोलपत्रहरुमध्ये टक्सार निर्माण सेवा प्रा.लि.ले पेश गरेको बोलपत्रको आर्थिक तथा प्राविधिक प्रस्तावको खाममा सिलछाप नभएको कारण रीत नपुगेको बोलपत्र एक थान र प्राविधिक प्रस्तावमा असफल रमा एण्ड राधिका कन्स्ट्रक्सन प्रा.लि., श्याम सुन्दर, ड्रागन कन्स्ट्रक्सन जे.भि., दिवा निर्माण सेवा प्रा.लि., अन्जना निर्माण सेवा तथा हिमालयन इन्जिनियरिङ्ग एसोसियट्स प्रा.लि. गरी पांच थान समेत छ थान बोलपत्रदाताहरुलाई प्राविधिक प्रस्तावमा असफल भएको जानकारी गराउँदै निजहरुको आर्थिक प्रस्ताव नखोलिकनै फिर्ता गर्ने निर्णय भएकोले सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ । साथै प्राविधिक प्रस्तावमा सफल श्री रविना कन्स्ट्रक्सन प्रा.लि.को आर्थिक प्रस्ताव खोली मूल्यांकनको लागि पेश हुंदा बोलपत्रको सूचनाको शर्त नं ५ र बोलपत्र फारामको शर्त नं.४ अनुसार रीत नपुगेको हुंदा बोलपत्रको सूचनाको शर्त नं.१२ अनुसार तथा बोल अंक, लागत अनुमान र उपलव्ध बजेटभन्दा सारभूत रुपमा बढी भएको पाइएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ३६(१) को खण्ड (ख) समेतको आधारमा सो बोलपत्र रद्द गरिएको हुंदा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।